राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १७२ २०८२ माघ ११ गते आईतवार (24 Jan. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## सप्तरीमा तीन राष्ट्रिय अध्यक्ष चुनावी मैदानमा, राजनीतिक सरगर्मी चुलिँदो

दैनिक समाचारदाता

सप्तरी, १० माघ। फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सप्तरी जिल्लाबाट तीनजना राष्ट्रिय अध्यक्ष चुनावी मैदानमा उत्रिएका छन्। निर्वाचन क्षेत्र नम्बर २ बाट जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, जनअधिकार पार्टीका अध्यक्ष डा. शरतसिंह यादव तथा निर्वाचन क्षेत्र नम्बर ३ बाट जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव उम्मेदवार बनेका हुन्।

तीनजना राष्ट्रिय अध्यक्ष सप्तरीबाट उम्मेदवार बनेपछि जिल्लाको चुनावी माहोल थप तातिएको स्थानीय मतदाताहरू बताउँछन्। २०७९ को प्रतिनिधिसभा निर्वाचनमा सप्तरी-२ बाट जनमत पार्टीका अध्यक्ष डा. राउत र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव आमनेसामने प्रतिस्पर्धामा उत्रिएका थिए। सो निर्वाचनमा यादव डा. राउतसँग दोब्बरभन्दा बढी मतान्तरले पराजित भएका थिए।

एउटै निर्वाचन क्षेत्रबाट दुई राष्ट्रिय अध्यक्ष चुनाव लड्नु र त्यसमध्ये एकजना पराजित हुनु मधेशको राजनीतिका लागि नकारात्मक सन्देश भएको मधेशवादी नेता दिनेशप्रसाद साहको भनाइ छ। विगतको तितो अनुभवबाट पाठ सिक्दै यसपटक यादव र डा. राउत फरक-फरक निर्वाचन क्षेत्रबाट उम्मेदवार बनेको अवस्था मधेशका लागि सकारात्मक रहेको उहाँले बताउनुभयो।

जेनजी आन्दोलन अघिसम्म डा. राउतसँगै जनमत पार्टीका प्रवक्ता रहिसक्नुभएका डा. शरतसिंह यादवले नयाँ दल जनअधिकार पार्टी गठन गरी पुनः सप्तरी-२ बाट डा. राउतसँगै चुनावी प्रतिस्पर्धामा उत्रिनुलाई अर्थपूर्ण रूपमा लिनुपर्ने स्थानीय मतदाता सञ्जय शेखरको भनाइ छ।

चार वटा निर्वाचन क्षेत्र रहेको सप्तरीमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवार गरी कुल १०२ जनाको उम्मेदवारी कायम रहेको छ।

निर्वाचन क्षेत्र नम्बर १ मा नयाँ र पुराना अनुहारबीच कडा प्रतिस्पर्धा देखिएको छ। नयाँ दल स्वाभिमान पार्टीबाट युवा नेता इन्जिनियर सुमित साह, जनमत पार्टीका डा. जयकान्त राउत, नेपाली कांग्रेसका जिल्ला सभापति रामदेव साह, नेकपा एमालेका सुमनराज प्याकुरेल र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की पुष्पा चौधरी मुख्य



प्रतिस्पर्धीका रूपमा देखिनुभएको छ। यस क्षेत्रमा अघिल्लो निर्वाचनमा जसपा नेपालका नवल किशोर साह विजयी हुनुभएको थियो।

निर्वाचन क्षेत्र नम्बर २ मा २०७९ को निर्वाचनमा भारी मतान्तरले विजयी भएका जनमत पार्टीका अध्यक्ष डा. राउत पुनः मैदानमा हुनुहुन्छ। अघिल्लो निर्वाचनमा यही क्षेत्रबाट प्रदेशसभा सदस्यमा विजयी भई मुख्यमन्त्रीसमेत भइसकेका सतिष कुमार सिंह यसपटक नयाँ दल स्वाभिमान पार्टीबाट उम्मेदवार बनेका छन्। साथै, जनमत पार्टी परित्याग गरी जनअधिकार पार्टी गठन गरेका अध्यक्ष शरतसिंह यादव पनि यही क्षेत्रबाट उम्मेदवार बनेपछि डा. राउतलाई जित निकाल्न सहज नहुने मधेश मामिलाका जानकार तथा विश्लेषक अधिवक्ता अवधेशकुमार सिंहको तर्क छ। २०५६ सालपछि सप्तरी-२ बाट कुनै पनि उम्मेदवार दोहोरिएर विजयी नभएको स्मरण गराउँदै उहाँले डा. राउत बलियो देखिए पनि कडा मिहिनेत आवश्यक रहेको बताउनुभयो।

यस क्षेत्रबाट रास्वपाका युवा नेता रामजी यादव, जसपा नेपालका पूर्वमन्त्री उमेशप्रसाद यादव, नेपाली कांग्रेसका जिल्ला उपसभापति रामकुमार यादव, नेपाल जनता पार्टीका पूर्व सांसद तथा महामन्त्री रञ्जु ठाकुर, राष्ट्रिय मुक्ति पार्टीका पूर्वमन्त्री अनिस अन्सारी, नेकपाका सूर्यनाथ यादव र उज्यालो नेपाल पार्टीका डा. दीपक चौधरी पनि प्रतिस्पर्धामा छन्।

निर्वाचन क्षेत्र नम्बर ३ मा नेकपा एमालेका ताराकान्त चौधरी र उहाँका भतिजा अमरकान्त चौधरी रास्वपाबाट उम्मेदवार बनेका छन्। काका-भतिजाबीचको प्रत्यक्ष प्रतिस्पर्धाले चुनावलाई थप रोचक बनाएको स्थानीय

बाकी ४पृष्ठमा

## कुष्टरोगको उच्च जोखिममा मधेश प्रदेश

दैनिक समाचारदाता

जनकपुरधाम, १० माघ। देशभर कुष्टरोगको जोखिममध्ये मधेश प्रदेश सबैभन्दा उच्च जोखिममा रहेको तथ्यांक सार्वजनिक भएको छ। देशभर हाल २ हजार ४०९ जना कुष्टरोगी रहेकामा मधेश प्रदेशमा मात्र ८५७ जना रहेको जनाइएको छ।

७३औँ कुष्टरोग दिवसको अवसरमा प्रस्तुत तथ्यांकअनुसार कुष्टरोगीको संख्यामा मधेश प्रदेश पहिलो स्थानमा छ भने लुम्बिनी प्रदेश दोस्रो स्थानमा रहेको छ। कुल राष्ट्रिय तथ्यांकको झण्डै एकतिहाइ हिस्सा मधेश प्रदेशमै केन्द्रित रहेको देखिन्छ।

स्वास्थ्य निर्देशनालय मधेश प्रदेशका कुष्टरोग अधिकृत राजवीर यादवले डिजिटल प्रस्तुति दिँदै मधेश प्रदेशमा कुष्टरोगीको संख्या अत्यधिक भए पनि उपचार तथा नियन्त्रणका लागि पर्याप्त लगानी नभएको बताए। "विगतका वर्षमा कुष्टरोगीको संख्या घट्दो क्रममा थियो। तर कोभिड-१९ महामारीका बेला पुनः वृद्धि भयो, अहिले भने नयाँ कुष्टरोगीको संख्या उल्लेखनीय रूपमा घटेको छ," उहाँले भन्नुभयो।

यस आर्थिक वर्षमा मधेश प्रदेशमा ५८ जनामा मात्र नयाँ कुष्टरोग पुष्टि भएको छ। १४ वर्ष मुनिका कुष्टरोगी देशभर



९१ जना रहेकामा मधेश प्रदेशमा ४० जना छन्। यस्तै, देशभरका १ हजार १२ महिला कुष्टरोगीमध्ये ३७८ जना मधेश प्रदेशका रहेको तथ्यांकमा उल्लेख छ।

एक लाख जनसंख्यामा पत्ता लाग्ने नयाँ कुष्टरोगीको दर देशभर ८.१६ रहेकामा मधेश प्रदेशमा १३.६७ रहेको छ, जुन राष्ट्रिय औसतभन्दा निकै बढी हो। त्यस्तै, प्रति १० हजार जनसंख्यामा वर्षको अन्त्यसम्म उपचारमा रहेका बिरामीको प्रकोप दर देशभर ०.८८ हुँदा मधेशमा १.२८ पुगेको छ।अधिकृत यादवका अनुसार मधेश प्रदेशका १३६ पालिकामध्ये हालसम्म ४५ पालिका मात्र कुष्टरोगमुक्त घोषित भएका छन्। पर्सा, सिरहा र जनकपुरधाम क्षेत्रलाई अति उच्च कुष्टरोग जोखिम क्षेत्रका रूपमा चिनाइएको छ।

ई.स. २०१९ देखि हालसम्म २७ प्रतिशत कुष्टरोगी निको भए पनि कुष्टरोगका कारण हुने अपाङ्गता दर अझै उच्च रहेको उहाँको भनाइ छ। साथै, कुष्टरोगसँग सम्बन्धित सामाजिक भेदभाव कायमै रहेको पनि उहाँले उल्लेख गर्नुभयो।

७३औँ कुष्टरोग दिवसको अवसरमा सिरहा, धनुषा र सर्लाहीसहित ६ स्थानमा स्वास्थ्य शिविर आयोजना गरिएको जानकारी दिइएको छ।

कार्यक्रममा जनस्वास्थ्य कार्यालयका अधिकृत महेश साह, प्रमुख उमेश साह, लालगढ अस्पतालका तालिम अधिकृत अरविन्द साह, स्वास्थ्य निर्देशनालय मधेश प्रदेश डब्लुएचओ शाखाका शिव पौडेल, मनोजकुमार साहलगायतले कुष्टरोगको अवस्था, उपचार र चुनौतीबारे आ-आफ्ना धारणा राखेका थिए।


सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

*सामाजिक सञ्जालमा:*

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,
- जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन।
- यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड


अब अनलाइनबाट बुकिङ्को सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# बागी उम्मेदवार मौन तर निर्णायक शक्ति

महोत्तरीमा प्रतिनिधि सभा निर्वाचन २०८२ को माहोल हेर्दा बागी उम्मेदवारको संख्या अघिल्ला चुनावको तुलनामा कम देखिन्छ । तर संख्या कम हुनु नै प्रभाव कम हुनु हो भन्ने निष्कर्ष निकाल्नु हतार हुनेछ । बरु यसपटकका बागी उम्मेदवारहरू सीमित भए पनि उनीहरूको राजनीतिक हैसियत, सामाजिक पकड र असन्तुष्ट मतदातासँगको सम्बन्धका कारण चुनावी नतिजा उल्ट्याउने ‘निर्णायक शक्ति’का रूपमा देखिन थालेका छन् ।

जिल्लाका चार निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं. १ र क्षेत्र नं. ३ मा मात्रै हेभिभेट बागी उम्मेदवार देखिनु आफैंमा अर्थपूर्ण संकेत हो । यी क्षेत्रहरूमा देखिएको बागी उम्मेदवारी पार्टीभित्रको असन्तुष्टि, निर्णय प्रक्रियामा देखिएको केन्द्रिकरण र स्थानीय कार्यकर्ताको भावनालाई बेवास्ता गर्ने प्रवृत्तिको परिणाम हो । यो प्रवृत्ति नयाँ भने होइन, तर यसपटक यसले गम्भीर राजनीतिक सन्देश बोकेको छ ।

क्षेत्र नं. १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्रको टिकट विवादले विजय पोखरेललाई स्वतन्त्र उम्मेदवार बनाएको छ । ‘जेन-जी’ मतदातामाझ लोकप्रिय मानिने पोखरेल पार्टीको पहिचान र आशासँग जोडिएका पात्र थिए । तर अन्तिम समयमा पार्टीले अर्कै उम्मेदवारलाई टिकट दिनु र त्यसपछि पोखरेलको बागी उम्मेदवारीले रास्वपाको आन्तरिक लोकतन्त्र र पारदर्शितामाथि प्रश्न उठाएको छ । नयाँ राजनीति र पुरानो निर्णय शैलीबीचको यो द्वन्द्वले मतदातालाई सोच्न बाध्य बनाएको छ–के पार्टीको नाम ठूलो हो कि स्थानीय विश्वास ?

क्षेत्र नं. ३ मा देखिएको अवस्था अझ जटिल र राजनीतिक रूपमा गम्भीर छ । जनता समाजवादी पार्टी (जसपा) का पूर्वकृषिमन्त्री हरिनारायण यादव र नेकपा (एमाले) का रामआधार कापर–दुवै आ-आफ्ना पार्टीका स्थापित नेता हुँदाहुँदै पनि स्वतन्त्र उम्मेदवार बन्न बाध्य भएका छन् । यादवको बागी उम्मेदवारी पार्टी एकीकरणपछिको शक्ति सन्तुलन, नेतृत्त्वको प्राथमिकता र लामो समयदेखि पार्टी बोक्दै आएका कार्यकर्ताको उपेक्षासँग जोडिएको छ । ‘फोरम नेपाल’ कालदेखि सक्रिय नेताले आफूले उचित मूल्याङ्कन नपाएको गुनासो गर्नु केवल व्यक्तिगत असन्तुष्टि होइन, त्यो मधेशकेन्द्रित दलभित्र बढ्दै गएको असन्तोषको अभिव्यक्ति हो ।

त्यसैगरी, एमालेमा रामआधार कापरलाई अन्तिम समयमा टिकट नदिइनु पार्टीभित्रको निर्णय प्रक्रिया कति एकपक्षीय र बन्द कोठाभित्र सीमित छ भन्ने उदाहरण हो । यस्ता निर्णयले पार्टी संगठनभन्दा बाहिर गएर स्वतन्त्र उम्मेदवारी दिन बाध्य पार्नु दीर्घकालमा पार्टीकै लागि घातक हुन सक्छ । क्षेत्र नं. ३ मा यादव र कापर दुवैको उम्मेदवारीले जसपा र एमालेका आधिकारिक उम्मेदवारलाई मात्र होइन, परम्परागत मत विभाजनको समीकरणलाई नै चुनौती दिएको छ ।

क्षेत्र नं. ४ मा भने अवस्था केही फरक देखिए पनि पार्टीभित्रको असन्तुष्टि लुकेको छैन । निवर्तमान मुख्यमन्त्री सरोजकुमार यादवलाई टिकट नदिइनु र उहाँले ‘सहमतिकै आधारमा’ निर्णय भएको स्पष्टीकरण दिनु पार्टी अनुशासनको भाषा हुन सक्छ । तर यस्ता घटनाले भित्री असन्तोषलाई दबाउने मात्र काम गर्छ, समाधान गर्दैन ।

मनोनयन दर्ताको तथ्यांकले महोत्तरीमा चुनावी प्रतिस्पर्धा कति तीव्र छ भन्ने देखाउँछ । चार क्षेत्रमा १४३ उम्मेदवार, त्यसमध्ये अधिकांश पुरुष–यो आँकडाले मात्र होइन, बागी उम्मेदवारको भूमिकाले पनि यो चुनाव साधारण नहुने संकेत गरिरहेको छ । जलेश्वर-२ का युवा मतदाता जितेन्द्र पासवानले भनेझैं, बागी उम्मेदवारलाई निष्क्रिय पार्ने प्रयास भइरहेको बुझाइ आफैंमा लोकतन्त्रका लागि चिन्ताको विषय हो । निर्वाचनमा प्रतिस्पर्धा स्वाभाविक हो; तर प्रतिस्पर्धालाई दबाब, सौदाबाजी वा अदृश्य शक्तिमार्फत कमजोर पार्ने प्रयास लोकतान्त्रिक मूल्यविपरीत हो ।अन्ततः, महोत्तरीको यो निर्वाचन केवल जित-हारको प्रश्न होइन । यो पार्टीहरूका लागि आत्मसमीक्षाको अवसर हो–के उनीहरूले स्थानीय भावना, समर्पित कार्यकर्ता र लोकतान्त्रिक प्रक्रियालाई सम्मान गरिरहेका छन् ? बागी उम्मेदवारहरूको उपस्थितिले यही प्रश्नलाई मतपेटिकासम्म पुऱ्याएको छ । संख्या कम भए पनि उनीहरूले दिने सन्देश गहिरो छ । मतदाताले यसपटक केवल चिन्ह होइन, राजनीतिक संस्कार र व्यवहारलाई पनि मत दिनेछन् । यही अर्थमा, महोत्तरीका बागी उम्मेदवारहरू मौन देखिए पनि निर्वाचनको दिशा मोड्न सक्ने निर्णायक शक्ति बनेका छन् ।

# कांग्रेस सभापति सर्लाही जानुको सन्देश

**कञ्चन झा**

आगामी फागुन २१ को निर्वाचनको तरंग मधेसलाई केन्द्र बनाएर देशैभरि फैलिसकेको छ। दोस्रो धेरै निर्वाचन क्षेत्र, ३२ वटा रहेको मधेस प्रदेशको मुड नै राजनीतिक दलहरूको भविष्य निर्धारक बन्न सक्ने देखिँदा यहाँ सबैको चासो रहनु स्वाभाविक हो।

म आफै कांग्रेसमा आवद्ध भएको र मधेसको भएकाले मलाई लाग्छ – कांग्रेसले आफ्नो जरो र जग मधेसलाई बुझ्छ। जहाँ करिब दुई दशकयता मक्किएको आफ्नो जग पुनर्निर्माण गर्न र पकड कमजोर हुँदै गएको जरो सतहमा दह्रोसँग गाड्न र फैलाउन कांग्रेस रणनीतिक सन्देशसहित अघि बढेको छ।

विगतमा प्रभावकारी नीति लिन नसक्दा मधेससँग नेपाली कांग्रेसको सम्बन्धको डोरी तन्किएर दुरी केही बढेको पक्कै हो, तर चुँडिएकै होइन। नवीनीकृत कांग्रेस यति बेला मधेससँगको सम्बन्धमा सुधार ल्याउन प्रयत्नरत छ।

आसन्न निर्वाचनलाई नेपाली कांग्रेसले मधेससँग दुरी कम गर्ने एउटा महत्त्वपूर्ण कडी मानेको छ। मधेसको मुड बुझेर सम्बन्धको डोरीमा सन्निहित दुईतर्फी खिचावलाई ढील दिँदै आपसमा नजिकिनका लागि यो निर्वाचनलाई सदुपयोग गर्ने तर्फ कांग्रेसको मुख्य ध्येय छ।

नेपाली कांग्रेसका संस्थापक नेता बिपी कोइराला, सुवर्ण शमशेर, कृष्णप्रसाद भट्टराई (किशुनजी) अनि राजनीतिक चिन्तक प्रदीप गिरि जस्ता मूर्धन्य नेताहरू, जसले कांग्रेस-मधेस-देश सम्बन्ध बनाइराख्न महत्त्वपूर्ण भूमिका खेल्नुभयो, उहाँहरूकै पथमा नवीनीकृत नेपाली कांग्रेसलाई सभापति गगन थापाले हिँडाउँदै गर्दा अहिले मधेसमा उत्साह उभारमा छ। देशैभरि उत्सुकता पनि उत्तिकै छ।

बिपीले मधेस र पहाडको भूगोललाई जहिले पनि उत्तिकै महत्त्व दिनुहुन्थ्यो। राजनीतिक हिसाबले मधेस बिपीका लागि अझै धेरै महत्त्वमा पर्थ्यो। नेपाल राष्ट्रबारे व्याख्या गर्दा बिपीले मधेस र पहाडलाई अलग्याउनु हुन्नथ्यो।

मधेस र पहाडको सुमधुर सम्बन्धको अत्यावश्यकता औंल्याउँदै बिपी भन्नुहुन्थ्यो – मुलुक भनेको एउटा नाउ (डुंगा) जस्तो हो, जसमा चढेर मानिसहरू नदी तर्छन्। तर त्यो नाउमा यात्रारतहरू आपसमै झगडा गर्न थाले वा एकअर्काको विरूद्धमा व्यवहार गर्न थाले भने नाउ त डुब्छ। र, नाउ डुब्यो भने को बाँच्छ? अर्थात् हामीमा एकता भएन र लड्यौं भने मुलुक बिग्रिन्छ र हाम्रो पनि दुर्दशा हुन्छ।

नाउको उदाहरण भावमा बुझ्दा बिपीले मधेस र पहाडबीच गहिरो एकताको चाह राख्नुहुन्थ्यो। समुदायहरूका बीचमा सदभाव चाहनुहुन्थ्यो। सबैको पहिचान र सम्मानमा जोड दिनुहुन्थ्यो। त्यसैले हुनुपर्छ, बिपीले मधेसलाई राजनीतिक रूपमा केही हदसम्म पहाडभन्दा धेरै प्रधानता दिनुभएको थियो। मधेसप्रति यति बिघ्न भरोसा थियो कि विशेष काम, रूपान्तरण वा अभियान सुरूआतको केन्द्र प्रायः यही हुन्थ्यो।

सभापति गगन थापाले मधेस प्रदेशको सर्लाही निर्वाचन क्षेत्र नम्बर ४ बाट उम्मेदवारी दिनुभएको छ। जुन कुराबाट सभापति थापाले संस्थापक कांग्रेसको विरासतलाई आत्मसात गरेको र अहमियत दिएको प्रस्टै बुझिन्छ।

सभापति थापाको सर्लाही रोजाइका थुप्रै सन्देशहरू हुन सक्छन्। सर्सर्ती हेर्दा प्रमुख चाहिँ सामाजिक माधुर्यमार्फत राष्ट्रिय एकता नै हो।

अझै पनि नेपाली समाजमा जातजाति, धर्म-सम्प्रदाय र भूगोलका आधारमा आग्रह-पूर्वाग्रह राखिएका घटना र व्यवहारहरू देखिन्छन्, जसले समुदायलाई आपसमा विभक्त गरेको छ।

जतिसुकै पूर्वाधार र प्रविधिको विकास होस्, समुदायमा सामाजिक एकता नभएसम्म मुलुकको वास्तविक उन्नयन भएको ठहरिँदैन। समुदायको फरकपनमा एकत्वको मानसिकता जगाउने आधारभूत तत्वहरू भनेकै आपसी सदभाव, समानता र सहिष्णुता हुन्।

जसको मापन कांग्रेस सभापति थापाले सर्लाही क्षेत्र नम्बर ४ लाई निर्वाचनको मुकाम बनाएर आफै अनुभूत गर्नुहुनेछ र त्यो अनुभूतिलाई एकत्वका लागि आजमाउनु हुनेछ भन्ने उहाँप्रति भरोसा जताउने तमाम नेपालीहरूको विश्वास हो।

पार्टीभित्रको जोरजुलुमविरूद्ध साहसिक लडाइँ लडेर आफ्नो सामर्थ्य साबित गर्नुभएका सभापति थापाले नेपाली कांग्रेसलाई राष्ट्रिय शक्ति र आफूलाई राष्ट्रिय नेताका रूपमा स्थापित गर्न यो अर्थपूर्ण पाइला चाल्नु जरूरी थियो।

अर्को कुरा, राष्ट्रिय नेता कुनै अमूक निर्वाचन क्षेत्रमा मात्र सीमित भइरहनु हुँदैन, देशको जुनसुकै भूगोलमा ऊ स्वीकार्य हुनुपर्छ भन्ने मान्यताले पनि सभापति थापालाई सर्लाहीले तानेको हुनुपर्छ। आफ्ना लागि देशभित्रका सबै भूगोल समान हुन् र आफू जुनसुकै भूगोलमा पनि दुरूस्त हुन सक्छु भन्ने आत्मविश्वास पनि सभापति थापाको सर्लाही रोजाइमा एउटा महत्त्वपूर्ण उत्प्रेरक हो भन्नु फरक नपर्ला।

नवीनीकृत नेपाली कांग्रेसका प्रमुख नेता थापाले दृढताका साथ उठाउँदै आउनुभएको महत्वपूर्ण विषय पुस्तान्तरण र रूपान्तरण नै हो। यो विषय उहाँको सर्लाही रोजाइमा प्रस्ट झल्किन्छ।

सर्लाही रोजेर सभापति थापाले एकातिर नेतृत्वको भौगोलिक दायरा फराकिलो पार्दै रूपान्तरणको अभियानमा एउटा आयाम अघि बढाउनुभएको छ भने अर्कोतिर आफूले जित्दै आएको निर्वाचन क्षेत्र युवा उम्मेदवारलाई जिम्मा लगाएर पुस्तान्तरणको मिसाल पेश गर्नुभएको छ।

त्यस्तै, संघीय सत्ता राजनीतिको प्रणालीभित्र मधेसलाई महत्त्वपूर्ण स्थानमा राख्नुपर्ने सोच सभापति थापाको देखिन्छ। संघीय सत्तामा मधेसको सारपूर्ण नेतृत्वदायी प्रतिनिधित्व स्थापित गर्ने उहाँको अभिलासा सर्लाहीमा प्रकट भएको छ।

मधेसमै जरो भएको नेपाली कांग्रेसलाई फैलाउन यहींकै युवाहरूलाई अगाडि बढाउनुपर्ने सभापति थापाको दृढताले पनि यहाँ ठाउँ पाएको छ। सभापति थापाको निर्वाचनमार्फत सुरू भएको यो दीर्घकालीन मधेस दौराले यहाँका युवाहरूलाई राजनीतिमा अगाडि बढ्न अवश्य हौस्याउने छ।

बिपी र प्रदीप गिरि, जसको मधेस मुद्दामा उत्कृष्ट सुझबुझ थियो, सभापति थापा धेरै हदसम्म यी नेताद्वयको राजनीति र समाजप्रतिको बुझाइलाई अनुसरण गर्नुहुन्छ। धेरै हदसम्म बिपी, गिरि लगायतबाट निर्मित मधेसप्रतिको आफ्नो बुझाइको आयतन जमिनी तहबाटै परिष्कृत पार्दै अघि बढ्न पनि मधेस झर्ने निर्णय सभापति थापाले लिएको हुनुपर्छ।

सभापति थापाको यो निर्णयप्रति उहाँका धेरै चाहिताहरू अचम्मित र संशयमा पनि छन्। कतिपय नेता-कार्यकर्ता नै सोचमग्न छन्।

सधैं जिताइरहने निर्वाचन क्षेत्र छाडेर नयाँमा जाँदा नतिजा कस्तो आउने हो भन्ने चिन्ता-चासो उनीहरूमा उठ्नु अस्वाभाविक होइन। तर देशको नेतृत्व सम्हाल्ने संकल्पका साथ रफ्तार समात्नुभएका सभापति गगनका लागि निर्वाचन क्षेत्रको बदलाव कुनै खास चुनौती होइन। समग्र वस्तुस्थिति, आवश्यकता र उपलब्धि बुझेरै सभापति थापा त्यहाँ जानुभएकोमा अधिक नेता-कार्यकर्ता र समर्थक-शुभेच्छुकहरू निश्चिन्त छन्।

२०१५ सालको पहिलो आम निर्वाचनमा कांग्रेसका संस्थापक नेता सुवर्ण शमशेरलाई बारा-५१ र बारा-५२ निर्वाचन क्षेत्रबाट जिताएर पठाएको मधेसले गुल्मी-९१ बाट समेत गरी त्यस बेला तीन ठाउँबाट विजयी भएका सुवर्ण शमशेरलाई मधेसले सर्वाधिक मत दिएर ’म्यान अफ द इलेक्सन’ बनाएको थियो।

आसन्न निर्वाचनमा पनि सभापति थापालाई सर्लाही-४ ले अत्यधिक मतका साथ विजयी गराउँदै इतिहास सम्झाउने विश्वास आम कांग्रेसजनमा छ।

अर्थपूर्ण सन्देशहरूसहित सभापति थापाको नेतृत्वमा थालिएको पुस्तान्तरणमार्फत देशको रूपान्तरण अभियानलाई मधेसले फेरि पनि उत्साहपूर्वक अनुमोदन गर्ने उत्कृष्ट खुराकहरू चाँडै सार्वजनिक होलान् नै।

देश जोड्ने स्वार्थलाई प्रधान ठानेर, त्यसका लागि संघीय सत्ताको नेतृत्वमा मधेसलाई उभ्याउने सभापति थापाको चाहलाई मधेसले योपल्ट अनुमोदन गर्ने भरोसा दिलाउँदै गएको छ। जुन भरोसा एकाएक उत्पन्न भएको पक्कै होइन, इतिहासका विभिन्न कालखण्डमा महत्वपूर्ण मौकामा मधेसले दर्साउँदै आएको राजनीतिक चेतनाले नै यो भरोसा जगाएको हो।

सभापति थापाले सर्लाही रोज्ने निर्णयका सम्बन्धमा बिपीले भन्नुभएको एउटा कुरा स्मरण गरौं।

उहाँ भन्नुहुन्थ्यो – राजनीतिमा उचित निर्णय गर्न कुनै महामानव हुनुपर्दैन, त्यसका निम्ति ठूलो विद्वान पनि हुनु पर्दैन। तपाईं इमानदार हुनुहुन्छ भने र अलिकति तपाईंमा अनुभव छ र इमानदारीपूर्वक तपाईं निर्णय गर्नुहुन्छ भने त्यो निर्णय उचित र सुझबुझको निर्णय हुन्छ।

सभापति थापालाई मधेसमा, अझ भनौं सर्लाहीबाट प्रतिनिधिसभा सदस्य चुनिने निर्णय लिन सम्भवतः बिपीको माथिको भनाइले पनि प्रेरित गरेको हुनुपर्छ।

किनभने, यो उचित निर्णय लिन बिपीले भन्नुभएझैं सभापति थापासँग अलिकति अनुभव पनि छ र इमानदारी पनि। थप कुरा, उहाँसँग काम गर्ने जुनून र क्षमता छ। अनि हामी जस्ता लाखौं-लाखको सदभाव, माया, आशीर्वादसँगै आशा र भरोसा पनि छ।

*(लेखक कञ्चन झा नेपाली कांग्रेसका नेता हुन्।)*

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ढाड दुखाइलाई सहज बनाउने चमत्कारी चाल



कम्मर दुख्ने अवस्थाले विश्वभरि करोडौँ मानिसलाई असर गरिरहेको हुन्छ। त्यस्तोमा एउटा सामान्य अभ्यासले ठूलो मद्दत गर्न सक्छ। तपाईँलाई त्यो कस्तो हुन्छ थाहा छ? तपाईँ जुत्ताको तुना लगाउन निहुरिनुहुन्छ र तपाईँको पिठ्यूँको तल्लो भागमा तपाईँलाई चसक्क दुख्छ। त्यसो हो भने तपाईँ पनि विश्वभरिका ६१ करोड ९० लाख मानिसहरूमध्ये पर्नुभयो जो कम्मरको तल्लो भाग दुख्ने समस्यामा छन्। तर यसका लागि सहज व्यायाम छ जसको नाम सीटेड साल्सा अर्थात् बसेर गर्ने साल्सा हो।

अनि राम्रो कुरा? यो व्यायाम गर्न तपाईँ उभिनु पनि पर्दैन।

विश्वभरि नै तल्लो कम्मर वा ढाड दुख्नु अपाङ्गताको प्रमुख कारकमध्ये एक हो। यो करङको तल्लो फेद र कटि(पेल्भिस)बीच हुने दुखाइ भनेर बुझिन्छ। यसले जो कसैलाई असर गर्न सक्छ तर धेरै वजन हुने, चुरोट पिउने र परिवारमा अरूलाई पनि समस्या भएकाहरूमा धेरै देखिन्छ।

"म मेरुदण्डसम्बन्धी शल्यचिकित्सकसँग काम गर्ने गर्थें। मानिसहरूमा ढाडमा कहाँ धेरै समस्या छ भनेर हेर्दा, त्यो मेरुदण्डका तलका दुई हड्डीहरूमा भएको देखिन्छ," क्रिश मक्कर्थीले भने। उनी म्यान्चेस्टर मेट्रोपोलिटन युनिभर्सिटीका फिजियोथेरापीका सहायक प्राध्यापक हुन्।

"मेरुदण्ड ३३ वटा 'भर्टिब्रे' मिलेर बनेको हुन्छ जुन 'डिस्क' भनिने खुम्चिने फैलिने तन्तुको तहले छुट्याएको हुन्छ।

ती डिस्कहरूले चकटीको जस्तो काम गर्छन्; हिँड्ने, दौडने र उफ्रिने जस्ता दैनिक क्रियाकलापहरूमा तिनले धक्का शोस्ने वस्तुको रूपमा काम गर्छन्।

धेरैजसो दुखाइ ढाडको तल्लो भागमा केन्द्रित हुने गर्छ। मेरुदण्डको पुछारमा हुने दुइटा हड्डीहरू पेल्भिस (कटि)सँग निकै बाक्ला 'लिगामन्ट' अर्थात् हड्डी जोड्ने तन्तुहरूले जोडिएका हुन्छन्। शरीरको भार थाम्ने काम गर्ने यो शरीरको यो भागको एउटा मुस्किल पक्ष पनि हुन्छ।

"ढाडको यो वास्तवमै कडा भाग हो, खासगरी जब त्यहाँका मांसपेशीहरूमा समस्या हुन्छ, सङ्कुचन हुन्छ र पीडादायक पनि। यो भाग प्रयोग नगरेका कारण कडा भएर बसेको हुन्छ र यसलाई हलचल गर्न निकै गाह्रो हुन्छ," म्याकर्थीले भने।

शरीरको यो भागमा मांसपेशीहरूलाई व्यायाम गराउने एउटा राम्रो तरिका भनेको पेल्भिसलाई एकातिरबाट अर्कोतिर घुमाउनु हो जसले ढाडको तल्लो भागलाई एक प्रकारको गतिमा दायाँ-बायाँ ढल्काउँछ। तपाईं हिँड्दा यो स्वाभाविक रूपमा तलमाथि भइरहेको हुन्छ। तर जब कसैले तल्लो ढाडमा दुखाइ अनुभव गर्छ, ढाडका मांसपेशीहरू कडा हुन पुग्छन्, त्यसका कारण शरीरको उक्त भाग हलचल नहुने स्थितिमा पुग्छ।

"दुर्भाग्यवश त्यसले एक चक्र बनाउँछ र ढाडको तल्लो भाग अझ कडा बन्दै जान्छ अनि बढ्दो रूपमा पीडादायी बन्छ," म्याकर्थी भन्छन्।

अध्ययनहरूले ढाडको दुखाइमा शरीर चलाउनु निको हुने प्रक्रियाको महत्वपूर्ण हिस्सा हुने देखाएका छन्।

प्रायः यो व्यायाम, तन्काउनु र म्यानुअल रूपमा गरिने थेरापीबाट हुन्छ। तर ढाड दुखाइका लागि सिफारिस गरिएका धेरैजसो तन्काइहरूमा ढाडको तल्लो भागको व्यायाम पर्दैन।

त्यही भएर 'सीटेड साल्सा' उपयोगी हुन्छ। व्यायाम गर्न, आफ्नो खुट्टा भुइँमा मजबुत रूपमा राखेर सिधा बसेर सुरु गर्नुहोस्। आफ्नो दुवै खुट्टा नजिक ल्याएर र दुई खुट्टाहरू एक-अर्कासँग समानान्तर हुने गरी राख्नुहोस्।

त्यसपछि काँध स्थिर राखेर, आफ्नो दायाँ घुँडा अगाडि धकेल्नुहोस् र बायाँ घुँडा पछाडि तान्नुहोस्। अब फेरि उल्टो गर्नुहोस् र बायाँ घुँडा अगाडि र दायाँ घुँडा पछाडि पुऱ्याउनुहोस्।

यस क्रममा तपाईंको पेल्भिस एकातिर अगाडि र अर्कोतिर पछाडि ढल्किनु पर्छ। यसो गर्दा यो ठ्याक्कै परम्परागत साल्सा डान्स जस्तै हुन्छ। यो चाल एक मिनेटसम्म दोहोऱ्याउनुहोस्।

"तपाईंको पेल्भिसको सानो खालको चाल हुन्छ जुन मानिस हिँड्दा स्वाभाविक रूपमा हुने कुरा हो," म्याकर्थी भन्छन्।



म्याकर्थी र उनका सहकर्मीहरूले एमएमयू म्यान्चेस्टर मुभमेन्ट युनिटले एउटा अध्ययन गरेका छन् जुन प्रकाशित हुन बाँकी छ। त्यहाँ उनीहरूले तल्लो ढाड दुख्ने बिरामीहरूलाई इलेक्ट्रोमायोग्राफी (इएमजी) सेन्सरहरू राखेर 'सीटेड साल्सा' गर्न अनुरोध गरे। यी सेन्सरहरूले ढाडका मांसपेशीहरू कति कडा छन् भनेर मापन गर्छन्।

नतिजाले के देखायो भने प्रत्येक ३० मिनेटमा एक मिनेट मात्र 'सीटेड साल्सा' गर्दा पनि तिनीहरूको मांसपेशी सहज भयो र त्यसले ढाड दुखाइका लक्षणहरू कम गरायो।

"यसको राम्रो पक्ष के भने यो काम गर्दा पनि सजिलै गर्न सकिन्छ। तपाईंलाई बसेको ठाउँबाट उठ्नु पर्दैन पनि," म्याकर्थी भन्छन्।

कार्यालयमा काम गर्नेहरूले दिनमा धेरै बेर बसेरै काम गर्छन् जसले ढाड दुख्ने जोखिम बढाउँछ। उठेर वरपर हिँड्ने र केवल खाने पानी लिन मात्रै जाँदा पनि जोखिम घट्छ। यद्यपि, कहिलेकाहीँ बसेको ठाउँबाट उठ्न सम्भव नहुन पनि सक्छ।

"कार्यालयका कर्मचारीहरू कुनै कामको बीचमा छन् र उनीहरू उठ्न र जिउ तन्काउन चाहँदैनन् भने उठ्नुभन्दा प्रत्येक आधा घण्टामा सीटेड साल्ला एक मिनेटका लागि गर्दा हुन्छ," म्याकर्थी भन्छन्।

यो व्यायाम ज्येष्ठ नागरिकहरूलाई पनि उपयोगी हुन सक्छ जो उभिन र सहजै बस्न सक्दैनन्। वा त्यस्तो व्यक्तिलाई जो शल्यक्रियापछि धेरै हलचल गर्न सक्दैनन्। अनुसन्धानले के देखाएको छ भने चलिरहनु र व्यायाम नियमित गर्नुले जीवन लामो र स्वस्थ हुन्छ।

"हामीलाई थाहा छ धेरैजसो वृद्ध मानिसहरू शारीरिक रूपमा सक्रिय हुँदैनन्," जगदीप धेसीले भने। उनी ब्रिटिश जेरियट्रिक्स सोसाइटीका अध्यक्ष तथा कन्सल्टेन्ट जेरियट्रिसियन हुन्।

"यदि तपाईँ राम्ररी यताउता गर्न सक्नुहुन्न भने बसेरै गर्ने व्यायामहरू शक्ति आर्जन गर्ने राम्रो तरिका हो।

तर यदि तपाईँ सक्नुहुन्छ भने गर्न सकिने धेरै छन्। चाहे त्यो दाँत माज्दा एक खुट्टामा मात्रै उभिने होस् वा चुल्होमा पानी तातिरहँदा कुर्सी समातेर उठ बस गर्ने नै किन नहोस्। यी भनेका एउटा बानी बनाउनु हो। त्यस्तो बानी जुन सधैँ गरिने एउटा मान्यता नै बन्छ।" बीबीसी/नेपालीबाट

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-

Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# कांग्रेसको चुनावी अभियान मधेशबाट सुरु

दैनिक समाचारदाता

काठमाडौं, १० माघ । नेपाली कांग्रेसले आगामी निर्वाचनका लागि आफ्नो चुनावी अभियान मधेश प्रदेशबाट सुरु गर्ने भएको छ । पार्टीले माघ १६ गते जनकपुरधाममा प्रदेशस्तरीय बृहत् सभा आयोजना गर्दै औपचारिक रुपमा चुनावी अभियानको थालनी गर्न लागेको हो । जनकपुरमा हुने सभालाई कांग्रेस सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मा लगायत शीर्ष नेताहरूले सम्बोधन गर्ने कार्यक्रम रहेको छ । पार्टीले उपसभापति शर्मालाई केन्द्रीयस्तरको चुनावी प्रचार(प्रसार समितिको संयोजकको जिम्मेवारी दिएको छ ।



सभाको सम्पूर्ण समन्वय केन्द्रीय तहबाट उपसभापति शर्माले गर्ने जनाइएको छ । सभाको तयारी तथा प्रचार(प्रसार रणनीतिबारे छलफल गर्न मधेश प्रदेश कांग्रेस समितिको बैठक शनिबार बस्न लागेको मधेशका प्रचार संयोजक नितेशकुमार गुप्ताले जानकारी दिए ।

'चुनावी प्रचार(प्रसारलाई प्रभावकारी बनाउने विषयमा आज प्रदेश समितिको बैठक बस्दैछ,' गुप्ताले भने, 'माघ १६ गते हुने बृहत् सभामा लाखौं नागरिकको सहभागिता रहने अपेक्षा गरिएको छ ।'

कांग्रेस सभापति गगन थापा सर्लाही(४ बाट उम्मेदवार बनेका छन् । यसपटकको निर्वाचनमा प्रमुख राजनीतिक दलहरूले मधेश प्रदेशलाई केन्द्रमा राखेर आफ्ना चुनावी गतिविधिहरू तीव्र बनाएका छन् ।

यसअघि जनकपुरधाममै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पनि चुनावी सभा आयोजना गरेको थियो । सोही सभाबाट काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन शाहले औपचारिक रूपमा चुनावी सभामा सम्बोधन गरेका थिए ।

यदि चाहनु भयो भने यसलाई अझ छोटो समाचार, हेडलाइनका वैकल्पिक विकल्प, वा सम्पादकीय शैलीमा पनि मिलाइदिन सक्छु।

# एकआपसमा मोटरसाइकल ठोक्किँदा दुई युवकको मृत्यु

दैनिक समाचारदाता

रौतहट १० माघ । रौतहटमा सवारी दुर्घटनामा परी दुई युवकको मृत्यु भएको छ । जिल्लाको राजदेवी नगरपालिका-१ पथरा स्कुल नजिक गौर-पिपरा भित्री सडक खण्डमा दुईवटा मोटरसाइकल एकआपसमा ठोक्किँदा उक्त दुर्घटना भएको हो ।

शुक्रबार दिउँसो पौने १२ बजे गंगापिपराबाट गौरतर्फ आउँदै गरेको प्र.२-०३-०१८ प ३३४६ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट जाँदै गरेको बिआर ३० ए एफ २३७० नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएको प्रहरीले जनाएको छ ।

दुर्घटनाको जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रौतहटबाट प्रहरी निरीक्षक विश्वनाथ यादवको कमाण्डमा प्रहरी टोली घटनास्थलमा खटिएको थियो ।

दुर्घटनामा प्र.२-०३-०१८ प ३३४६ नम्बरको मोटरसाइकल



चालक दुर्गाभगवती गाउँपालिका-२ पिपरा बजार निवासी अन्दाजी ३० वर्षका अशोक महतो र बिआर ३० ए एफ २३७० नम्बरको मोटरसाइकल चालक राजदेवी नगरपालिका-२ हजमिनिया निवासी अन्दाजी २९ वर्षका अरबिन्द महतो गम्भीर घाइते भएका थिए । घाइते दुवै जनालाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल गौर पठाइएकोमा चिकित्सकले दिउँसो १२ बजे दुवैलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक विष्णु प्रदीप बस्यालले जानकारी दिनुभयो ।

## सप्तरीमा तीन.........

मतदाताहरू बताउँछन् । अघिल्लो निर्वाचनमा यही क्षेत्रबाट नेपाली कांग्रेसका दिनेशकुमार यादवले ताराकान्त चौधरीलाई पराजित गर्दै जित हासिल गरेका थिए । यसपटक पनि कांग्रेसको तर्फबाट यादव पुनः मैदानमा उत्रिएका छन् ।

यसै क्षेत्रमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको उम्मेदवारीले प्रतिस्पर्धा झनै चर्किएको छ । पहिलो पटक यस क्षेत्रबाट चुनाव लड्नुभएका यादव जित निकाल्ने दाउमा हुनुहुन्छ । कांग्रेसका यादव, एमालेका चौधरी, राष्ट्रिय मुक्ति पार्टी नेपालका सहमहासचिव गजेन्द्रकुमार मण्डल र रास्वपाका अमरकान्त चौधरीबीच मुख्य प्रतिस्पर्धा हुने अनुमान मतदाताहरूले गरेका छन् ।

निर्वाचन क्षेत्र नम्बर ४ मा तीन पटक निर्वाचित कांग्रेसका पूर्वमन्त्री तेजुलाल चौधरी पुनः चुनावी मैदानमा उत्रिएका छन् । चौथोपटक जित निकाल्दै इतिहास रच्ने लक्ष्यमा रहेका उहाँलाई कांग्रेस परित्याग गरी रास्वपाबाट उम्मेदवार बनेका पुराना नेता सिताराम साहले कडा चुनौती दिएका छन् । यस क्षेत्रमा जसपा नेपालकी महिला नेतृ डा. बबी सिंह यादव, नेकपा एमालेका बालकृष्ण चौधरी र नेकपाका रुवी कर्णसमेत मैदानमा रहेकाले नयाँ र पुराना उम्मेदवारबीच कडा प्रतिस्पर्धा हुने स्थानीय मतदाताहरूको भनाइ छ ।

## समानुपातिकतर्फको ५० लाख मतपत्र छपाइ बाँकी

दैनिक समाचारदाता

काठमाडौं, १० माघ । निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फको एक करोड ५० लाख थान मतपत्र छपाइ भइसकेको जनाएको छ।

मतपत्र छपाइकार्य यही माघ २ गतेदेखि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको छापाखानामा सुरु भएको थियो। अब ५० लाख थान मतपत्र छाप्न बाँकी रहेको छ।

समानुपातिकतर्फको मतपत्र छपाइ सम्पन्न भए लगत्तै प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु हुने आयोगले जनाएको छ।

प्रत्यक्षतर्फको उम्मेदवारको अन्तिम नामावली तय भइसक्केको छ। मनोनयन पत्र दर्ता प्रयोजनका लागि एकप्रति मतदाता नामावली छपाइ गरी सबै जिल्लामा पुर्याइएको थियो।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा तीन हजार ४०६ जना उम्मेदवारको नामावली आयोगले सार्वजनिक गरेको छ। आयोगले शुक्रबार नै निर्वाचन चिन्हसमेत प्रदान गरेको छ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार तीन हजार १७ पुरुष, ३८८ महिला र अन्यमा एक जना उम्मेदवार तय भएका छन्।

उम्मेदवारी दर्तादेखि फिर्ता लिनेसम्म निर्वाचन कार्यक्रम शान्तिपूर्ण र उत्साहजनक रूपमा सम्पन्न भएको आयोगले उल्लेख गरेको छ।

# हिमपातका कारण मध्यपहाडी लोकमार्ग अवरुद्ध

रुकुम पूर्व,१० माघ । रुकुम पूर्वमा हिमपातका कारण मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ । हिमपातका कारण लोकमार्गको लुकुम-पातिहाल्ना खण्ड अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले जानकारी दिएको छ ।

लोकमार्ग अवरुद्ध हुँदा सवारीसाधन वारपार गर्न सकिरहेका छैनन् । यस खण्डमा काठमाडौँबाट छुटेका बसहरू फसेको भन्ने खबर आएसँगै इलाका प्रहरी कार्यालय काक्रीबाट प्रहरी निरीक्षक हिमराज विकको नेतृत्वमा टोली खटाएको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वका प्रहरी नायब उपरीक्षक उमाशङ्करप्रसाद यादवले जानकारी दिनुभयो । अहिले पनि निरन्तर रूपमा हिमपात भइरहेको उहाँले बताउनुभयो ।

फसेका गाडी र यात्रुहरूको उद्धारको प्रयास भइरहेको र बाटो खुलाउनको लागि भूमे गाउँपालिकासँग समन्वय गरिरहेको प्रमुख जिल्ला अधिकारी सीता परियारले बताउनुभयो । स्काभेटर लगाएर हिउँ पन्छाउने



र बाटो खुलाउने तयारी भइरहेको प्रमुख जिल्ला अधिकारी परियारले बताउनुभयो ।

रुकुम पूर्वको हिमाली तथा उच्च लेकाली क्षेत्रहरूमा गए रातिदेखि हिमपात भइरहेको छ भने तल्लो क्षेत्रमा वर्षा भएको छ । हिमपातका कारण चिसोले मानिसहरूको जनजीवन प्रभावित भइरहेको छ भने लामो समयको अन्तरालमा भएको वर्षा र हिमपातको कारण किसानहरू खुसी भएका छन् । आकाशेपानीको भरमा खेती गरिरहेका किसानको पानी नपर्दा गहुँ बाली सुकिसकेको थियो । लामो समयपछि पानी पर्दा खेतीपातीलाई राहत मिलेको सिस्ने गाउँपालिका-५ का विमल बिसीले बताउनुभयो । रासस

# वीरगञ्जमा महानगरले 'रेलवे म्युजियम' बनाउने

वीरगञ्ज १० माघ । वीरगञ्ज महानगरपालिकाले बीपी उद्यान छेउको जग्गामा 'रेल्वे म्युजियम' निर्माणको प्रारम्भिक चरणका काम अघि बढाएको छ ।

महानगरको गत असार ९ गते सम्पन्न १३ औँ नगरसभामा नगरप्रमुख राजेशमान सिंहले प्रस्तुत गरेको चालू आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रममा 'रेलवे म्युजियम' निर्माणको घोषणा गरेका थिए । वीरगञ्जबाटै नेपालमा पहिलोपटक रक्सौल-अमलेखगञ्ज रेल सेवा सुरु भएको भन्दै रेल सेवा स्थापना भएको १०० वर्ष पूरा भएको अवसरमा पुराना रेल्वे संरचना, सामग्री तथा ऐतिहासिक सम्पदालाई संरक्षण र पुन:प्रयोग गरी 'रेल्वे म्युजियम' निर्माण गरिने बताएका थिए ।




यसक्रममा आज उक्त क्षेत्रमा रहेका रेल्वेका पुराना संरचना, झाडी, अनावश्यक रुख तथा फोहर हटाउँदै सरसफाइ अभियान सञ्चालन गरिएको छ ।

उक्त अवसरमा मेयर सिंहले 'रेलवे म्युजियम' वीरगञ्जको पहिचानसँग जोडिएको महत्वपूर्ण परियोजना भएको बताए ।

नेपालमा रेल सेवाको सुरुवात वीरगञ्जबाट भएको ऐतिहासिक तथ्यलाई भावी पुस्तासम्म पुऱ्याउन रेल्वे म्युजियम आवश्यक रहेको बताए ।

लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेको जग्गालाई सफा र व्यवस्थित बनाउँदै निर्माणका लागि उपयुक्त वातावरण तयार पार्ने उद्देश्यले सरसफाइ गरिएको महानगरपालिकाले जनाएको छ ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४